# महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको प्रथम ( मिति २०७४/३/१३ ) बैठकको निर्णय

१. महालक्ष्मी नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ परित गर्ने ।

२. महालक्ष्मी नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि २०७४ पारित गर्ने ।

३. महालक्ष्मी नगरपालिकाको योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ स्वीकृत गर्ने ।

**४. विभिन्न समिति गठन गर्ने**

क. महालक्ष्मी नगरपालिका नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ अनुसार तपशिल वमोजिमको समितिमा तपशिल बमोजिम संयोजक तोक्ने ।

**तपशिल**

क. सार्वजनिक सेवा तथा क्षमता विकास समिति : नन्द कुमार न्यौपाने

ख. आर्थिक विकास समिति : श्री वासुदेव गौतम

ग. सामाजिक विकास समिति : श्री विश्वराज श्रेष्ठ

घ. पूर्वाधार विकास समिति : श्री नकुल थापा

ङ. वातावरण तथा विपद व्यवस्थापन समिति : श्री लक्ष्मण रोक्का

च. विधेयक समिति : श्री गंगा दहाल

**ख. राजश्व परामर्श समितिको सदस्य चयन सम्बन्धमा**

महालक्ष्मी नगरपालिकाको योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ अनुसार यस नगरपालिकाको कार्यपालिका सदस्यहरुमध्येबाट निम्न सदस्यहरुलाई राजश्व परामर्श समितिमा सदस्यको जिम्मेवारी दिने ।

क. श्री रेश्मा के.सी. कार्की

ख. श्री कुमार वयलकोटी

**ग. श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको गठन सम्बन्धमा**

महालक्ष्मी नगरपालिकाको योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ अनुसार निम्न नगर कार्यपालिकाका सदस्यहरुलाई श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको सदस्य चयन गर्ने ।

क. श्री अम्बिका श्रेष्ठ

ख. श्री मिरा पौडेल

ग. श्री नन्द न्यौपाने

**घ. विषयगत कार्य समूह गठन सम्बन्धमा**

महालक्ष्मी नगरपालिकाको योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ अनुसार निम्नानुसारको विषय क्षेत्रमा निम्नानुसारका सदस्यहरुलाई संयोजक चयन गर्ने ।

क. आर्थिक विकास : श्री बासुदेव शर्मा गौतम

ख. सामाजिक विकास : श्री विश्वराज श्रेष्ठ

ग. वातावरण तथा विपद ब्यवस्थापन : श्री लक्ष्मण रोक्का

घ. संस्थागत विकास तथा सेवा प्रवाह : श्री वासुदेव महर्जन

ङ. वित्तिय ब्यवस्थापन र सुशासन : श्री राजकुमार शिल्वाल

**५. सरसफाई ब्यवस्थापन**

यस नगरपालिकाको सरसफाईलाई ब्यवस्थित गर्न अध्ययन गरी २०७४ श्रावणको कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्नका लागि यस नगरपालिकाका वातावरण तथा विपद ब्यवस्थापन समितिको संयोजकलाई जिम्मवारी दिन ।

**६ . सार्वजनिक सम्पत्ति सरंक्षण**

यस नगरपालिकाको सार्वजनिक सम्पत्ति सरंक्षण गर्ने प्रयोजनका लागि निम्नानुसारको समिति गठन गर्ने ।

१. श्री बासुदेव शर्मा गौतम : संयोजक

२. श्री बलराम लामा : सदस्य

३. श्री कुमार बयलकोटी : सदस्य

४. श्री कुबेर के.सी. : सदस्य

५. श्री बासुदेव महर्जन : सदस्य

६. श्री नकुल थापा : सदस्य

७. श्री राम ब. के.सी. सुवेदी : सदस्य

८. सदस्य सचिव : प्राविधिक शाखा प्रमुख

**७. नक्सा पास सम्बन्धमा अध्ययन गरी राय पेश गर्ने सम्बन्धमा ।**

यस नगरपालिकामा नक्सा पासमा देखिएका नीतिगत कानुनी ब्यवहारलाई अध्ययन गर्न र भूकम्प पिडितलाई नक्सा पासमा छुट दिने सम्बन्धमा राय सुझाव दिन तपसिल बमोजिमको समिति गठन गर्ने । उक्त समितिले आफ्नो प्रतिवेदन ७ दिन भित्र पेश गर्ने ।

तपसिल

क. श्री नकुल थापा : संयोजक

ख. श्री विश्वराज श्रेष्ठ : सदस्य

ग. श्री बासुदेव गौतम : सदस्य

घ. श्री राम ब. के.सी. सुवेदी : सदस्य

ङ. श्री अम्बिका श्रेष्ठ : सदस्य

च. श्री बलराम लामा : सदस्य

**८. स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा**

यस नगरकपालिकाको प्रत्येक वडामा तीन तीन महिनाको अन्तरालमा स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाउने जिम्मेवारी यस नगरपालिकाका कार्यपालिका सदस्य श्री विश्वराज श्रेष्ठलाई जिम्मेवारी दिने ।

**९. घर नम्बरिङ्ग**

पहिचान एवं व्यवस्थित गर्न नगरपालिकाका सम्पुर्ण घरहरुको घर नम्बरिङ्ग गर्ने ।

**१०. एकिकृत सम्पत्ति कर**

आ.व. ०७४ श्रावण १ गते देखि एकिकृत सम्पत्ति कर लागु गरी कार्यान्वयन गर्न २०७३ साल माघ २३ गते गठन भएको सम्पत्ति कर कार्यान्वयन कार्यदलले हालसम्म गरेका कार्यको उचित मुल्याङ्कन गर्दै यस कार्यमा सहयोग पुर्‍याउन हुने एकिकृत सम्पत्ति कर कार्यान्वयन कार्यदलका सदस्यहरु तथा मिति २०७३ चैत्र ३ गते गठन भएको एकिकृत सम्पत्ति कर मुल्याङ्कन समितिमा रहेका सम्पुर्ण सदस्यहरुलाई हार्दिक धन्यवाद दिदै २०७४ बैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट यस महालक्ष्मी नगरपालिका ललितपुरमा  निर्वाचित जनप्रतिनिधि तथा आवश्य व्यक्ति हरु समावेश हुने गरी तपसिल बमोजिम एकिकृत सम्पत्ति कर कार्यान्वयन कार्यदल र मुल्याङ्कन समिति गठन गर्ने ।

तपसिल

**एकिकृत सम्पत्तिकर कार्यान्वयन कार्यदल**

१ संयोजक : श्री रामेश्वर श्रेष्ठ

२ सदस्य : श्री नन्द कुमार न्यौपाने

३. सदस्य : श्री राम बहादुर के.सी. सुवेदी

४. सदस्य : श्री कुबरे के.सी.

५. सदस्य : श्री लक्ष्मण रोक्का

६. सदस्य : श्री राजकुमार शिल्वाल

७. सदस्य : श्री वासुदेव महर्जन

८. सदस्य : श्री नकुल थापा

९. सदस्य : श्री विश्वराज श्रेष्ठ

१०. सदस्य : श्री वाशुदेव शर्मा गौतम

११.सदस्य : श्री बलराम लामा

१२. सदस्य सचिव  : राजश्व शाखा प्रमुख

**एकिकृत सम्पती कर मूल्यांकन समिति**

१. संयोजक : श्री नन्द कुमार न्यौपाने

२. सदस्य : श्री रामेश्वर कार्की

३. सदस्य : श्री रविन्द्र नेम्कुल

४. सदस्य : श्री रामेश्वर श्रेष्ठ

५. सदस्य : श्री चिरञ्जिवि आचार्य

६. सदस्य : श्री  केशव श्रेष्ठ

७. . सदस्य सचिव  : राजश्व शाखा प्रमुख

**११. परामर्श विज्ञ समन्वय समिति गठन**

यस नगरपालिकाको विकासका लागि  परामर्श विज्ञ समन्वय समिति गठन गर्ने ।

**१२. सोलार वत्ति जडान सम्बन्धमा**

यस नगरपालिकाको सम्पूर्ण वडाहरुबाट २०० सोलार वत्ति माग संकलन गरी सोको व्यवस्थाका लागि उर्जा मन्त्रालयमा अनुरोध गर्ने ।

**१३. कार्यालय भवन निर्माण स्थल पहिचान**

यस नगरपालिकाको कार्यालय भवन निर्माणका लागि स्थल पहिचान गरी भवन निर्माण कार्य शुरु गर्ने  ।